# सूर्योदय नगरपालिकाको टोल विकास संस्था (गठन तथा परिचालन) कार्यविधि, २०८०

कार्यपालिकाबाट स्वीकृत मिति: २०८०।०९।१३ गते

**<u>प्रस्तावना:</u>** स्थानीय विकास प्रकृयामा टोल तथा बस्तीस्तरबाट नै नागरिक सहभागिता सुनिश्चित गर्दै समाजको आर्थिक, सामाजिक, सांस्कृतिक लगायत विकासका सबै पक्षमा दिगोपन र अपनत्व सृजना गर्न निश्चित भौगोलिक क्षेत्रभित्र बसोवास गर्ने नागरिकहरूको सहभागितामा वडा कार्यालयको सहयोगीको रूपमा काम गर्ने गरी स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १२ (२) (क) (२) बमोजिम टोल विकास संस्थाको गठन र परिचालनका लागि आवश्यक कानुनी व्यवस्था गर्न वाञ्छनीय भएकोले,

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ (२) ले दिएको अधिकार प्रयोग गरी सूर्योदय नगरपालिका, नगर कार्यपालिकाले यो कार्यविधि बनाई लागू गरेको छ ।

## परिच्छेद-१
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ:** (१) यो कार्यविधिको नाम "सूर्योदय नगरपालिकाको टोल विकास संस्था (गठन तथा परिचालन)कार्यविधि, २०८०" रहेको छ ।

(२) यो कार्यविधि कार्यपालिकाबाट स्वीकृत भएको मितिदेखि लागू हुनेछ ।

**२. परिभाषा:** विषय र प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा ,

(क) "कार्यालय" भन्नाले सूर्योदय नगरपालिका, नगर कार्यपालिकाको कार्यालयलाई सम्झिनु पर्छ ।

(ख) "टोल विकास संस्था" भन्नाले टोल बस्तीको समग्र विकासको लागि निश्चित भौगोलिक क्षेत्रका अधिकांश घरधुरीका प्रतिनिधिहरूको उपस्थितिमा विकास निर्माण, सेवा प्रवाह र सामाजिक परिचालनको क्षेत्रमा काम गर्ने उद्देश्य गठन भई वडा कार्यालयमा सूचीकृत भएको सामुदायिक संस्थालाई सम्झनु पर्छ ।

(ग) "पदाधिकारी" भन्नाले संस्थाको कार्यसमितिका अध्यक्ष, उपाध्यक्ष, कोषाध्यक्ष, सचिव र सदस्यहरू समेतलाई सम्झनुपर्छ ।

(घ) "बैठक" भन्नाले संस्थाको संयुक्त वा छुट्टाछुट्टै बैठक सम्झनु पर्छ ।

(ङ) "वडा" भन्नाले सूर्योदय नगरपालिका अन्तर्गतका वडाहरूलाई सम्झनु पर्छ ।

(च) "विधान" भन्नाले टोल विकास संस्थाको विधानलाई सम्झनु पर्छ ।

(छ) "समिति" भन्नाले टोल विकास संस्थाको कार्यसमिति सम्झनु पर्छ ।

(ज) "साधारण सभा" भन्नाले टोल विकास संस्थाको साधारण सदस्यहरूको भेला सम्झनु पर्छ।

(झ) "संस्था" भन्नाले टोल विकास संस्थालाई सम्झनुपर्छ ।

## परिच्छेद-२
## संस्थाको गठन तथा सूचीकृत सम्बन्धी व्यवस्था

**३. संस्थाको गठन:**

(१) नगरपालिका क्षेत्रमा भौगोलिक तथा सामाजिक सामिप्यताको आधारमा टोल तथा बस्तीका बासिन्दाको आमभेलाबाट टोल तथा बस्तीभित्रका घरधुरी समावेश हुने गरी टोल विकास संस्थाको गठन गरिनेछ ।

(२) उपदफा (१) बमोजिम गठन हुने संस्थाको कार्यसमितिमा देहाय बमोजिमका पदाधिकारी तथा सदस्यहरु रहनेछन:-

| | |
|---|---|
| (क) अध्यक्ष | एक जना |
| (ख) उपाध्यक्ष | एक जना |
| (ग) कोषाध्यक्ष | एक जना |
| (घ) सचिव | एक जना |
| (ङ) सदस्यहरू | (तीन देखि सात जनासम्म) |

(३) उपदफा (२) बमोजिम संस्था गठन गर्दा टोल तथा बस्ती भित्रका एक घरधुरीबाट एकजना भन्दा बढी नपर्ने गरी भौगोलिक सन्तुलन तथा सामाजिक समावेशीकरणको आधारमा साधारण सभा वा वडा कार्यलयले तोकेको चारकिल्ला भित्रका नागरिकहरूको आमभेलाबाट सर्वसम्मत रूपमा संस्थाको कार्यसमिति गठन हुनेछ।

तर, यस दफा बमोजिम आमभेलामा सर्वसम्मत हुन नसकेमा उपस्थित सदस्यहरूको बहुमतबाट कार्य समिति गठन गर्न बाधा पर्ने छैन।

(४) उपदफा (३) बमोजिम कार्यसमितिको कार्यकाल समाप्त भएपछि साधारण सभाबाट सर्वसम्मत वा सो नभएमा बहुमतबाट कार्यसमितिको पुर्नगठन हुनेछ।

(५) कार्य समितिको पदावधि गठन भएको मितिले दुई वर्षको हुनेछ।

(६) अध्यक्ष, उपाध्यक्ष, कोषाध्यक्ष र सचिवको पदमा लगातार दुई कार्यकाल भन्दा बढी सोही पदमा काम गर्न सक्ने छैन।

(७) कार्य समितिमा अध्यक्ष, सचिव वा कोषाध्यक्ष मध्ये कुनै एक पदमा अनिवार्य रूपमा महिला हुनुपर्नेछ।

(८) संस्था गठन गर्दा सकेसम्म टोलका सम्पूर्ण घरधुरीलाई एक घर एक सदस्यको रूपमा समेट्नु पर्नेछ।

(९) उपदफा ८ बमोजिम सबै घरधुरी समावेश हुन सम्भव नभएमा कम्तीमा ८० प्रतिशत घरधुरी सहभागी गराई टोल विकास संस्था गठन गर्नुपर्ने छ।

(१०)यस कार्यविधि बमोजिम गठन गरिने संस्थाको कार्यसमितिमा कम्तीमा ५० प्रतिशत महिला सदस्य हुनु पर्नेछ।

(११)संस्थाको कार्यक्षेत्र साधारण सभाले तोकेको चार किल्लाभित्र हुनेछ। साधारण सभाले टोल तथा बस्ती भित्रका कुनै घरधुरी संस्थामा समावेश गरेको नपाइएमा वा कुनै घरधुरी वा बस्ती उक्त संस्थामा समावेश गर्नु पर्ने भन्ने लागेमा वडा कार्यालयले त्यसरी छुटेको घरधुरी वा बस्ती सम्बन्धित संस्थामा समावेश गर्न लगाउन सक्नेछ।

(१२)यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि वडा कार्यालयले तोकेको भौगोलिक क्षेत्र भित्र रहेका कम्तीमा २५ र बढीमा १०० घरधुरी समेट्ने गरी टोल विकास संस्था गठन गर्न सकिनेछ।

(१३)एउटा घरधुरी एकभन्दा बढी टोल विकास संस्थाको सदस्य बन्न पाउने छैन।

**४. कार्य समितिका पदाधिकारीको पद रिक्त सम्बन्धी व्यवस्था:**

(१) दफा ३ बमोजिम गठन भएको कार्यसमितिका पदाधिकारीहरूको पद देहाय बमोजिमको अवस्थामा रिक्त हुनेछ:

(क) अध्यक्षले उपाध्यक्ष मार्फत कार्यसमितिको बैठकमा र उपाध्यक्ष सहित अन्य सदस्यले अध्यक्षलाई राजीनामा दिएमा,

(ख) भ्रष्टाचार वा अन्य कुनै फोजदारी अभियोगमा कसुरदार ठहरिएमा,

(ग) मृत्यु भएमा,

(घ) बसाईसरी गएमा,

(ङ) वैदेशिक रोजगारीमा गएमा,

(च) बिना जानकारी लगातार तीनवटा बैठकमा अनुपस्थित भएमा,

(छ) समितिको सिफारिसमा वडा कार्यालयले हटाएमा ।

(२) उपदफा (१) बमोजिम अध्यक्षको पद रिक्त भएमा कार्य समितिको बाकी अवधिको लागि उपाध्यक्षले अध्यक्ष भई कामकाज गर्नेछ । अन्य पदाधिकारीहरूको हकमा कार्य समितिले बाँकी अवधिको लागि समितिका सदस्यहरू मध्येबाट कुनै सदस्यलाई त्यस्तो रिक्त पदमा कामकाज गर्न लगाउन सक्नेछ ।

**५. संस्था सूचिकृत सम्बन्धी व्यवस्थाः**

(१) टोल विकास संस्थाको सूचीकृत देहाय बमोजिम हुनेछ:

(क) संस्थाको आम भेलाले निर्णय गरी अनुसूची १ बमोजिमको ढाँचामा सोही निवेदनमा उल्लिखित कागजातहरू समावेश गरी संस्था सूचीकरणका लागी वडा कार्यालयमा निवेदन दिनु पर्नेछ ।

(ख) टोल विकास संस्था सूचीकृत गर्न दिने निवेदनको साथमा टोल विकास संस्थाको विधान समेत अनिवार्य रूपमा संलग्न गर्नुपर्नेछ ।

(ग) टोल विकास संस्थाको विधान अनुसूची २ बमोजिमको ढाँचामा हुनेछ ।

(२) उपदफा १ (क) बमोजिम सूचीकृतको लागि प्राप्त भएको टोल विकास संस्थामा समावेश हुनुपर्ने घरधुरी वा बस्ती छुटेको पाइएमा त्यसरी छुटेको घरधुरी वा बस्ती समेत समावेश गरी सूचीकरणको लागि पुन पेश गर्न वडा कार्यालयले निर्देशन दिन सक्नेछ ।

(३) वडा कार्यालयले यस दफा बमोजिम संस्था सूचीकृत गरेको विवरण मासिक रुपमा नगर कार्यपालिकाको कार्यालयमा पठाउनु पर्नेछ ।

## परिच्छेद-३

## संस्थाको काम कर्तव्य,अधिकारहरु

**६. टोल विकास संस्थाका कार्यहरुः**

(१) स्थानीय सरकार सञ्चालन ऐन,२०७४ र अन्य प्रचलित कानून बमोजिम सम्पादन गर्ने गरी संस्थाको काम, कर्तव्य र अधिकारहरू देहाय बमोजिम हुनेछन् ।

(क) समुदायमा शान्ति, सुरक्षा अमन चयन कायम गर्न सहयोग गर्ने।

(ख) सामुदायिक सदभाव, सहिष्णुता र भाइचाराको विकास गर्ने ।

(ग) टोलमा सञ्चालन हुने विकास निमार्णका योजनाहरूको तर्जुमा, कार्यान्वयन र अनुगमन तथा सुपरिवेक्षणमा सहयोग गर्ने ।

(घ) टोलमा हुने परम्परागत जात्रा,मेला पर्व तथा समारोहको व्यवस्थापनमा सहयोग गर्ने।

(ङ) टोलमा रहेका सार्वजानिक तथा ऐलानी जग्गा ,सार्वजानिक भवन,सम्पदा तथा भौतिक पूर्वाधारहरुको संरक्षण गर्न तथा अतिक्रमण हुन नदिन सहयोग गर्ने ।

(च) टोलमा विपद् व्यवस्थापन सम्बन्धी खोज ,उद्धार,राहत वितरण,पुननिर्माण तथा पुनर्स्थापना कार्यमा सहयोग गर्ने ।

(छ) टोलको सरसफाई व्यवस्थापनको लागि सहयोग र समन्वय गर्ने/ गराउने

(ज) छाडा पशु चौपाया व्यवस्थापनमा सहयोग गर्ने/ गराउने ।

(झ) सडक बत्ती, सामुदायिक पार्क, सार्वजानिक शौचालय जस्ता सार्वजनिक सम्पत्तिको सञ्चालन र व्यवस्थापनमा सहयोग पुऱ्याउने ।

(ञ) कानुन बमोजिम तिर्नु पर्ने कर, दस्तुर, सेवा शुल्क बुझाउने कार्यमा सहजीकरण गर्ने।

(ट) टोलमा बसोबास गर्ने गरिब, अशक्त, अपाङ्गता भएका व्यक्ति तथा बेरोजगार व्यक्तिहरूको तथ्याङ्क सङ्कलन कार्यमा सहयोग गर्ने ।

(ठ) टोलमा रहेका शैक्षिक तथा स्वास्थ्य संस्थाहरूको व्यवस्थापन र गुणस्तर सुधारको लागि सहयोग गर्ने ।

(ड) जन्म, विवाह, बसाई सराई, सम्बन्ध विच्छेद, मृत्यु जस्ता व्यक्तिगत घटना दर्ताको लागि टोल बासीलाई उत्साहित र सहजीकरण गर्ने ।

(ढ) सामाजिक सुरक्षा भत्ता वितरण कार्यमा आवश्यक सहजीकरण गर्ने ।

(ण) विद्युत चुहावट तथा चोरी नियन्त्रण कार्यमा सहयोग गर्ने ।

(त) टोलमा खाद्यान्न, माछा मासु, तरकारी, फलफूल, पेय पदार्थ लगायत दैनिक उपभोग्य सामग्रीको गुणस्तर र मुल्य सूचीको बारेमा जानकारी राखी बजार अनुगमन कार्यमा सहयोग गर्ने ।

(थ) उपभोक्ता हक हित संरक्षणको लागि पैरवी तथा जनचेतना अभिवृद्धि गर्ने ।

(द) टोलमा हरियाली क्षेत्र विस्तार गरि वातावरण संरक्षणको कार्यमा सहयोग गर्ने ।

(ध) स्थानीय आर्थिक विकासका सम्भावनाका बारेमा छलफल गरी स्थानीय तह, गैरसरकारी तथा निजी क्षेत्रसँग समन्वय, सहजीकरण र पैरवी गर्ने ।

(न) भवन निर्माण मापदण्ड तथा राष्ट्रिय भवन संहिताको पालनाको लागि टोल बासीहरूलाई प्रोत्साहित गर्ने ।

(ऩ) विद्यालय भर्ना, खोप अभियान, साक्षरता अभियान, सरसफाई, लैङ्गिक हिंसा उन्मूलन जस्ता राष्ट्रिय अभियानहरूमा सहयोग र समन्वय गर्ने ।

(प) टोलमा धनी गरिबको भावना हटाई सबै सदस्यहरूलाई निर्णय प्रक्रिया र श्रोत परिचालनमा समान अधिकार स्थापित गर्न सहजीकरण गर्ने ।

(फ) घरेलुहिंसा, यौनजन्य हिंसा, मानव तस्करी, बालश्रम तथा बाध्यात्मक श्रम, छाउपडी लगायतका सामाजिक अपराध तथा खराबीहरू अन्त्य गर्न जनचेतना अभिवृद्धि गर्ने ।

(ब) टोलमा उद्यम विकाससँग सम्बन्धित कार्यक्रमहरु सञ्चालन गर्न आवश्यक सहजीकरण गर्ने ।

(भ) टोलको विकासका लागि विभिन्न स्रोतबाट प्राप्त स्रोतको उच्चतम् सदुपयोग गर्ने ।

(म) टोलमा सरकारी संस्था निकाय तथा गैर सरकारी संस्था मार्फत सञ्चालन हुने कार्यक्रमहरु कार्यान्वयन गर्न सहयोग गर्ने ।

(य) आफ्नो टोललाई वातावरणमैत्री, बालमैत्री, पोषणमैत्री तथा पूर्ण सरसफाई युक्त बनाउन कार्यक्रमहरु सञ्चालन गर्ने तथा वडा कार्यालय र नगरपालिकाका कार्यक्रम कार्यान्वयनमा सहयोग,समन्वय र सहजीकरण गर्ने ।

(र) वडा कार्यालय नगरपालिका तथा अन्य सरकारी निकाय र गैरसरकारी संघसंस्थासँग गरेको सम्झौता तथा समझदारी अनुसारका अन्य कार्यहरु गर्ने ।

(ऱ) टोल विकास संस्थाले आफ्नो कार्यक्षेत्र भित्रको आर्थिक, सामाजिक, सुशासन, भौतिक पूर्वाधार, वनवातावरण, विपद् व्यवस्थापन, मानव संशाधन तथा सार्वजनिक सेवा क्षेत्रलाई समेटेर वार्षिक कार्यक्रम तय गरी टोल भेला मार्फत वडा समितिमा पेश गर्ने ।

(ल) वडा तथा नगरपालिकाबाट प्राप्त निर्देशनहरूको पालन गर्ने गराउने ।

(२) टोल विकास संस्थाको सिमाना हेरफेर,समायोजन र बिभाजन सम्बन्धी व्यवस्था:

(क) टोल विकास संस्थाहरुले आफ्नो टोल विकास संस्थाको सिमाना हेरफेर, समायोजन र बिभाजन गर्नु परेमा सम्बन्धित टोल विकास संस्थाको साधारण सभाबाट सिमाना हेरफेर, समायोजन वा विभाजन भएको कुरा पारित गरी स्वीकृतिको लागि वडा कार्यालय मार्फत नगर कार्यपालिकामा पेश गर्नु पर्नेछ ।

## परिच्छेद-४

## संस्थाको कार्यसमितिको बैठक र पदाधिकारीहरूको काम, कर्तव्य र अधिकार

**७. संस्थाको कार्यसमितिको बैठक**:

(१) संस्थाको कार्य समितिको बैठकको सञ्चालन देहाय बमोजिम हुनेछ-

(क) कार्य समितिको बैठक महिनामा कम्तीमा एक पटक र आवश्यकता अनुसार बस्नेछ ।

(ख) समितिको बैठकमा वडा समिति तथा नगरपालिका, जनप्रतिनिधि, विज्ञ तथा अन्य सरोकारवालाहरूलाई आमन्त्रण गर्न सकिनेछ ।

(ग) समितिको बैठकको निर्णयको मस्यौदा सचिवले तयार गर्नेछ ।

(घ) संस्थाको बैठकको निर्णयहरू बैठकमा उपस्थित पदाधिकारीहरूबाट हस्ताक्षर गरी प्रमाणित गराउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम बस्ने कार्य समितिको बैठकको माइन्युट र संस्थाका प्रशासनिक तथा आर्थिक कारोबारसँग सम्बन्धित सम्पूर्ण कागजातहरू अध्यक्ष, सचिव वा कोषाध्यक्षको जिम्मामा रहनेछ ।

(३) कार्य समितिको बैठक संस्थाको कार्यालयमा बस्नेछ र संस्थाको कार्यालय स्थापना भई नसकेको अवस्थामा कार्य समितिका सबै सदस्यलाई पायक पर्ने गरी उपयुक्त स्थानमा बैठक बस्ने गरी अध्यक्षले तोक्न सक्नेछ ।

**८. संस्थाको कार्यसमितिका पदाधिकारीहरूको काम, कर्तव्य र अधिकार:** संस्थाका पदाधिकारीहरूको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ-

(१) अध्यक्षको काम,कर्तव्य र अधिकार

(क) संस्थाको नियमित बैठक बोलाउने, बैठकका लागि मिति, समय र स्थान तोक्ने ।

(ख) बैठकको अध्यक्षता गरी बैठक सञ्चालन गर्ने ।

(ग) बैठकमा अनुशासनको पालन गर्न लगाउने र छलफलका विषयहरू टिपोट गर्ने वा गर्न लगाउने ।

(घ) छलफल हुदाँ सबैको विचार सङ्कलन गर्ने र सर्वसम्मत निर्णय गर्न पहल गर्ने ।

(ङ) संस्थाका निर्णयहरू लागू गर्ने गराउने ।

(च) संस्थाले प्राप्त गरेको नगद वा जिन्सी सामानको सुरक्षाको प्रबन्ध मिलाउने ।

(छ) आवश्यकता अनुसार विशेष बैठक बोलाउने ।

(ज) कार्यविधि बमोजिम अन्य कार्यहरू गर्ने ।

(झ) वडा समिति तथा नगरपालिकाबाट प्राप्त निर्देशनलाई पालन गर्ने गराउने ।

(ञ) टोल विकास संस्थाहरूको परिचय पत्र निर्माण गरी वार्षिक रूपमा नवीकरण गर्ने ।

(२) उपाध्यक्षको काम,कर्तव्य र अधिकार-

(क) अध्यक्षको अनुपस्थितिमा अध्यक्षले गर्ने भनी तोकिएका कार्यहरु गर्ने ।

(ख) कार्य समितिले तोकेका अन्य कार्यहरु गर्ने ।

(३) सचिवको काम, कर्तव्य र अधिकार-

(क) अध्यक्षको आदेशानुसार बैठक बोलाउने ।

(ख) छलफलका प्रस्तावहरु संकलन गरी बैठकमा पेश गर्ने र बैठकको निर्णय लेखी निर्णय प्रमाणित गराउने ।

(ग) संस्थाको क्रियाकलापहरुको बारेमा सदस्यहरुलाई जानकारी गराउने ।

(घ) कार्य समितिले तोकेका अन्य कार्यहरु गर्ने ।

(४) कोषाध्यक्षको काम,कर्तव्य र अधिकार-

(क) संस्थाको आम्दानी र खर्चको हिसाव राख्ने तथा विवरण तयार गर्ने ।

(ख) बैकमा खाता सञ्चालन गर्दा संयुक्त रुपमा खाता सञ्चालन गर्ने ।

(ग) संस्थाको नगद र जिन्सी सामानको जिम्मा लिई सुरक्षा गर्ने ।

(घ) कार्य समितिले तोकेका अन्य कार्यहरु गर्ने ।

(५) सदस्यहरुको काम,कर्तव्य र अधिकार-

(क) समितिको बैठकमा उपस्थित हुने र छलफलमा सक्रिय रुपमा सहभागी हुने ।

(ख) समितिको निर्णय कार्यान्वयनमा सहयोग गर्ने । समितिको निर्णय कार्यान्वयन भए नभएको हेरी आवश्यकता अनुसार समितिको बैठकमा छलफलमा ल्याउने ।

(ग) आवश्यकता अनुसार अध्यक्ष,उपाध्यक्ष,सचिव र कोषाध्यक्षको काममा सघाउने ।

(घ) कार्य समितिले तोकेका अन्य कार्यहरु गर्ने ।

## परिच्छेद-५

## आर्थिक व्यवस्थापन

**९. संस्थाको आम्दानी**:

(१) संस्थाले देहाय बमोजिमका क्षेत्रबाट आम्दानी प्राप्त गर्न सक्नेछ:

(क) नगरपालिकाबाट प्राप्त हुने अनुदान रकम ।

(ख) सरकारी तथा गैर सरकारी निकायहरु,सामुदायिक संस्था तथा व्यक्तिहरुबाट प्राप्त हुने सहायता तथा अनुदानको रकम ।

(ग) टोल विकास संस्थाले आयमूलक कार्यहरु सञ्चालन गरी प्राप्त हुने आम्दानी ।

(घ) नगरपालिका, अन्य सरकारी निकाय तथा गैरसरकारी संघसंस्थासँग विकास निर्माण वा कार्यक्रम सञ्चालनको लागि सम्झौता बमोजिम प्राप्त रकम ।

(ङ) संस्थाका सदस्यहरुबाट प्राप्त शुल्क तथा सहयोगको रकम ।

(च) अन्य स्रोतबाट प्राप्त गरेको रकम ।

(२) संस्थाको नाममा प्राप्त हुने सबै रकम संस्थाको नाममा रहेको बैंक खातामा जम्मा गर्नु पर्नेछ ।

**१०. संस्थाको खर्च**: संस्थाको खर्च देहाय बमोजिम हुनेछ:

(क) कुनै निकायबाट सम्झौता बमोजिम प्राप्त हुने रकम सम्झौतामा उल्लेखित शर्त बमोजिम तोकिएको कार्यमा खर्च गर्नु पर्नेछ ।

(ख) संस्थाको नियमित सञ्चालन तथा कार्यालय ब्यवस्थापन सम्बन्धी खर्च कार्य समितिको निर्णय बमोजिम हुनेछ ।

**११. संस्थाको लेखा,प्रतिवेदन तथा अन्य:**

(१) संस्थाको खाता वडा कार्यालयको सिफारिशमा नगर कार्यपालिकाको कार्यालयले तोकेको बैंकमा सञ्चालन हुनेछ ।

(२) उपदफा (१) बमोजिमको बैंक खाता कम्तीमा एक जना महिला हुने गरि संस्थाका अध्यक्ष ,उपाध्यक्ष र सचिव मध्ये कुनै २ जना र कोषाध्यक्षको संयुक्त दस्तखतबाट सञ्चालन हुनेछ ।

(३) कोषाध्यक्षले संस्थाको सबै प्रकारको नगदी तथा जिन्सी आम्दानी,सम्पूर्ण विकास खर्चको विवरण ,संस्थाको सञ्चालन र व्यवस्थापनमा भएको प्रशासनीक खर्चहरुको विवरण स्पष्ट रुपमा राख्नु पर्नेछ ।

(४) कोषाध्यक्षले आम्दानी खर्चको हिसाब किताब चौमासीक रुपमा कार्य समितिको बैठकमा पेश गर्नु पर्नेछ ।

(५) कार्य समितिले प्रत्येक आर्थिक बर्षमा गरेको काम र आर्थिक कारोबारको यथार्थ विवरण तयार गरि आर्थिक बर्ष समाप्त भएको मितिले तीन महिना भित्र टोल भेलामा पेश गर्नु पर्नेछ ।

(६) संस्थाले आफ्नो वार्षिक कारोवारको प्रतिवेदन  साधारण सभा,सम्बन्धित वडा कार्यालय र नगपालिकामा पेश गर्नु पर्नेछ ।

(७) नगरपालिका तथा वडा कार्यालयले आवश्यकता अनुसार संस्थाको अनुगमन गरी आवश्यक निर्देशन दिन सक्नेछ ।

**१२. जिन्सी तथा वस्तुगत सहयोग लिन सक्ने**:

(१) यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि वडा कार्यालयको निर्णय बमोजिम विपद् प्रभावित ब्यक्तिको उद्धार,राहत तथा पुनस्र्थापना कार्यमा सहयोग गर्न कुनै सरकारी निकाय,गैर सरकारी संघसंस्था,निजी क्षेत्र तथा व्यक्ति बिशेषबाट जिन्सी सामान तथा बस्तुगत सहयोग लिन सक्नेछ ।

(२) संस्थाले उपदफा (१)बमोजिम प्राप्त सहयोग वडा समितिको समन्वयमा त्यस्तो विपदबाट प्रभावित व्यक्ति तथा परिवारलाई वितरण गर्न सक्नेछ ।

(३) संस्थाले यस दफा बमोजिम प्राप्त सहयोगको विवरण वार्षिक प्रतिवेदनमा समेत समावेश गर्नु पर्नेछ।

## परिच्छेद-६
## विविध

**१३. समन्वय समिति:**

(१) संस्थाको कामको अनुगमन तथा समीक्षा गरी पृष्ठपोषण प्रदान गर्न हरेक वडामा देहाय बमोजिमको समन्वय समिति रहनेछ ।

| | |
|---|---|
| (क) वडाध्यक्ष | संयोजक |
| (ख) वडा समितिका सदस्यहरु | सदस्य |
| (ग) टोल विकास संस्थाका अध्यक्षहरु मध्येबाट संयोजकले तोकेको ३ जना | सदस्य |
| (घ) वडा सचिव | सदस्य सचिव |

(२) उपदफा (१) को खण्ड (ग) बमोजिमका सदस्यहरुको पदावधि दुई बर्षको हुनेछ ।उक्त पदावधि समाप्त भएपछि संयोजकले कार्यकाल नदोहोरिने गरी वडा भित्रका अन्य संस्थाका अध्यक्षहरु मध्येबाट तीन जना मनोनयन गर्नु पर्नेछ । मनोनयन गर्दा महिला एक जना अनिवार्य गर्नु पर्नेछ।महिला नभएको अवस्थामा भने पुरुष मनोनयन गर्न बाधा पर्ने छैन ।

(३) उपदफा (१) बमोजिमको समितिको बैठक कम्तिमा त्रैमासिक रुपमा आवश्यकताअनुसार बस्नेछ ।

(४) उपदफा(१) बमोजिमको समितिले वडाभित्रका सबै संस्थाहरुको काम कारवाहीलाई प्रभावकारी वनाउन कार्य समितिलाई आवश्यक निर्देशन दिन सक्नेछ ।

(५) उपदफा (१) बमोजिमको समितिले संस्थाको काम कारवाहीको सम्बन्धमा वार्षिक प्रतिवेदन नगर कार्यपालिकामा पेश गर्नु पर्नेछ ।

**१४. बाधा अडकाउ फुकाउन सक्ने:** यो कार्यविधि कार्यान्वयनको क्रममा कुनै बाधा अड्चन आएमा नगर कार्यपालिकाले त्यस्तो बाधा अड्काउ फुकाउन सक्नेछ ।

**१५. कार्य समिति भङ्ग गर्न सक्ने:** सावर्जानिक सम्पत्तिको हिनामिना गर्ने,प्रचलित कानून विपरित कार्य गर्ने तथा भष्टाचार वा आर्थिक हिनामिना गरेको पाइएमा त्यस्तो कार्य समितिलाई सम्बन्धित वडा समितिको सिफारिसमा कार्यपालिकाले भङ्ग गर्न सक्नेछ । यसरी कार्य समिति भङ्ग भएको अवस्थामा एक महिनाभित्र यसै कार्यबिधि बमोजिम नयाँ कार्य समिति गठन गर्नु पर्नेछ ।

**१६. कार्यविधि संशोधन तथा खारेज गर्न सक्ने:**

(१) नगर कार्यपालिकाले आवश्यकता अनुसार यो कार्यविधि संशोधन तथा खारेज गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम यो कार्यबिधि खारेज भएको अवस्थामा यस कार्यबिधि बमोजिम स्थापना तथा सञ्चालन भएका संस्थाहरुको सम्पत्ति तथा दायित्व वडा कार्यालयको नाममा हुनेछ । सो को जानकारी कार्यपालिकामा गराउनु पर्नेछ ।

**१७. खारेजी तथा बचाउ:**

(१) सूर्योदय नगरपालिकाको टोल विकास संस्था (गठन तथा परिचालन) कार्यविधि, २०७७ खारेज गरिएको छ ।

(२) सूर्योदय नगरपालिकाको टोल विकास संस्था (गठन तथा परिचालन) कार्यविधि, २०७७ बमोजिम भए गरेका काम कारबाही यसै कार्यविधि बमोजिम भए गरेको मानिनेछ ।

**अनुसूची-१**

**(दफा ५ को उपदफा १(क) सँग सम्बन्धित)**

**टोल विकास संस्थालाई वडा कार्यालयमा सूचीकृत गर्ने निवेदनको नमूना**

श्री वडा सचिवज्यू मितिः-

वडा समितिको कार्यालय

वडा नं..................

सूर्योदय नगरपालिका

विषयः- **टोल विकास संस्था सूचीकृत गर्ने सम्बन्धमा ।**

उर्पयुक्त सम्बन्धमा यस नगरपालिकाको वडा नं...... स्थित................ टोलमा गठन गरिएको ......................टोल विकास संस्थालाई सूचीकृत गरिदिनु हुन निम्नानुसारका विवरण सहित अनुरोध गर्दछु । यस.................टोल विकास संस्थाको क्षेत्र निम्न उल्लेखित चार किल्लाभित्र सिमित रहनेछ ।

**संलग्नः**

टोल भेलाको उपस्थिति र निर्णय ।

कार्य समितिका सदस्यहरुको नाम थर ।

टोल विकास संस्थाको विधान

पूर्व सिमानाः ...........................

पश्चिम सिमानाः ......................

उत्तर सिमानाः ................................

दक्षिण सिमानाः ..............................

हालका जम्मा घरधुरीः

निवेदक

समितिको तर्फबाट

अध्यक्षको नामः ................

टोल विकास संस्थाको नामः .....................

ठेगानाः.............

**अनुसूची-२**

**(दफा ५ को उपदफा १(ख) सँग सम्बन्धित)**

**टोल विकास संस्थाको विधानको नमुना**

**..........................टोल विकास संस्थाको विधान**

**प्रस्तावना:**

स्थानीय रुपमा उपलब्ध श्रम,सीप र साधन तथा अवसरहरुलाई अधिकतम परिचालन गर्दै नगरको सामाजिक तथा आर्थिक व्यवस्थालाई एक अर्कोको परिपूरक रुपमा विकसित गरि गरिवी न्यूनीकरणका प्रयासमा ठोसयोगदान पुऱ्याउने,सहभागितात्मक योजना तर्जुमा गर्ने, आफ्नो टोलको समग्र विकास गर्ने वातावरण सिर्जना गर्न यो ................टोल विकास संस्था स्थापना गरी सञ्चालन गर्न वान्छनीय भएकोले यो विधान बनाइएको छ।

**१. प्रारम्भिक**

संक्षिप्त नाम र प्रारभ्भ

(क) यो विधान ........................टोल विकास संस्थाको विधान हुनेछ।

(ख) यो संस्थाको नाम .............. हुनेछ।

(ग) यो विधान सू.न.पा.को सम्वन्धित वडा कार्यालयबाट स्वीकृत भएको मितिदेखि लागू हुनेछ।

(घ) यस संस्थाको कार्यालय ........................मा हुनेछ।

(ङ) यस संस्थाको सिमाना:

पूर्व.........................पश्चिम..............

उत्तर ........................दक्षिण..................

**२. परिभाषा**

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस विधानमा:

(क) संस्था भन्नाले ..........................................टोल विकास संस्थालाई सम्झनुपर्छ।

(ख) विधान भन्नाले .......................................टोल विकास संस्थाको विधानलाई सम्झनुपर्छ।

(ग) साधारण सभा भन्नाले संस्थाको साधारण सदस्यहरुको भेला सम्झनु पर्छ ।

(घ) समिति भन्नाले यस विधान बमोजिम गठित टोल विकास संस्थाको कार्यसमिति सम्झनुपर्छ।

(ङ) बैठक भन्नाले संस्थाको संयुक्त वा छुट्टाछुट्टै वैठक सम्झनुपर्छ।

(च) पदाधिकारी भन्नाले अध्यक्ष,उपाध्यक्ष ,कोषाध्यक्ष सचिव,सहसचिव र कार्यसमितिका सदस्यहरु वा अन्य पद ग्रहण गर्ने ब्यक्तिलाई सम्झनुपर्छ।

**३. संगठित संस्था हुने:**

(क) संस्थाको आफ्नो छुट्टै छाप हुनेछ। साथै संस्थाले व्यक्ति सरह आफ्नो नामबाट कार्य गर्न सक्नेछ।

(ख) यस संस्थाले व्यक्ति सरह चल अचल सम्पत्ति आर्जन गर्न सक्नेछ । तर संस्थाले आफ्नो अचल सम्पत्ति बिक्रि गर्न भने पाउने छैन। संस्था विघटन भए संस्थाको सम्पूर्ण चल अचल सम्पत्ति नगरकार्यपालिकाको कार्यालयमा हस्तान्तरण हुनेछ ।

**४. संस्थाका उद्देश्यहरु:**

संस्थाको संस्थागत,सामाजिक तथा आर्थिक विकासका लागि देहाय बमोजिमको उद्देश्य हुनेछ ।

(क) टोल स्तरमा सक्षम र दिगो स्वायत्त संस्थाको विकास गर्दै अगाडि बढ्ने ।

(ख) टोलका ब्यक्तिहरुको आयमा बृद्धि गर्ने कार्यक्रमको सञ्चालन गरी गरिवी न्यूनीकरणमा योगदान पुर्याउने ।

(ग) स्थानीय स्तरको विकास प्रकृयालाई दिगो र आत्मनिर्भर बनाउन स्थानीय समुदायका व्याक्तिहरुको क्षमता विकास कार्यक्रम कार्यान्वयनमा टेवा पुऱ्याउने ।

(घ) संस्थालाई सहभागितात्मक योजना तर्जुमा ,अनुगमन तथा मूल्याङ्कन प्रकृयामा सक्रिय सहभागी बनाउने ।

(ङ) टोल क्षेत्रभित्रको फोहोरमैला व्यवस्थापनमा सहयोग पऱ्याउने ।

(च) खानेपानीका श्रोतहरु,सांस्कृतिक धरोहर,मठमन्दिर निर्माण तथा संरक्षण गर्ने ।

(छ) टोलमा भए गरेका विसंगतिलाई हटाई स्वच्छ समाज बनाउनको लागि पहल गर्ने ।

(ज) बालवालिकाको हितका लागि कार्य गर्ने ।

(झ) अनाथ ,अपाङ्ग तथा बृद्धबृद्धाहरुको सेवा र सम्मान गर्ने ।

(ञ) माथी उल्लेखित कामहरु वडा एवं नगरपालिकासँग समन्वय गरी गरिनेछ ।

**५. टोल विकास कार्य समितिको गठन:**

टोल विकास कार्य समितिको गठन देहाय बमोजिम हुनेछः

(क) नगरपालिकाका नगरउन्मुख बस्तीहरुको निश्चित भौगोलिक क्षेत्रभित्रका टोल तहमा रहेका सदस्यहरुबाट टोल विकास संस्थाको गठन गरिनेछ ।

(ख) हालको अवस्थामा कार्यकारिणी समिति ११ जनाको रहनेछ । ९ जना निर्वाचित र २ जना मनोनितबाट रहनेछ ।

| | | |
|---|---|---|
| (१) | अध्यक्ष | १ |
| (२) | उपाध्यक्ष | १ |
| (३) | सचिव | १ |
| (४) | सह-सचिव | १ |
| (५) | कोषाध्यक्ष | १ |
| (६) | सदस्य संख्या | ४ |
| (७) | मनोनित | २ |

कार्य समितिको कार्यकाल २ वर्षको हुनेछ ,पदावधि समाप्त नभइ कुनै पद रिक्त भएमा साधारण सदस्य मध्येबाट मासिक बैठकले चयन गर्नेछ ।

(ग) टोल विकास संस्था गठन गर्दा सकेसम्म टोलमा सम्पूर्ण घरपरिवार सहभागी गराइनेछ। यदि सो सम्भव नभए कम्तीमा ८० प्रतिशत घरधुरी सहभागी गराइ टोल विकास संस्था गठन गराइनेछ।

(घ) टोल विकास संस्थामा सहभागी भएका सदस्यहरु मध्ये कम्तीमा ५० प्रतिशत महिला हुनुपर्नेछ।अध्यक्ष वा कोषाध्यक्ष मध्ये कुनै एक जना अनिवार्य रुपमा महिला हुनु पर्नेछ।

**६. संस्थाका कार्यहरु**:

टोल विकास संस्थाका कार्यहरु देहाय बमोजिम हुनेछन्।

(क) प्रत्येक टोल स्तरमा सम्भव भएसम्म सबै घरपरिवार सहभागी भएको टोल विकास संस्था गठन गर्ने।

(ख) संस्थाका सदस्यहरुलाई उद्यमशिलता तर्फ अग्रसर गराउन आवश्यक पहल गर्ने तथा सोहि बमोजिमका कार्यक्रमहरु सञ्चालन गर्ने।

(ग) टोलमा आइपरेका समस्याहरु समाधान गर्न एक अर्कामा भाइचारा सम्बन्ध कायम गरी सभ्य समाजको सिर्जना गर्ने।

(घ) उपलब्ध श्रोतको समुचित परिचालन गर्दै टोलको समग्र विकासका लागि टोल विकास योजना बनाउने।

(ङ) कुरीति, कुप्रथा, अन्धविश्वास एवम् कूलत बिरूद्ध जनचेतनामूलक कार्यक्रमहरु सञ्चालन गर्ने।

(च) आफ्नो टोल तथा सार्वजनिक स्थलमा वृक्षारोपण गर्ने।

(छ) आफ्नो वडा तथा टोललाई वातावरणमैत्री बनाउन विविध कार्यक्रम सञ्चालन गर्ने।

(ज) टोल विकास संस्थाको भवन/ कार्यालय स्थापना गरी सामाजिक सरोकारका विषयहरुमा विभिन्न चेतनामूलक कार्यक्रम सञ्चालन गर्ने।

(झ) वातावरणमैत्री स्थानीय शासनका सूचकहरुको टोलमा कार्यान्वयन गर्ने र नगरपालिकालाई सो सूचना कार्यान्वयन गर्न सहयोग गर्ने।

(ञ) भवन संहिता तथा मापदण्ड को कार्यान्वयनमा सहयोग गर्ने ।

(ट) नगरपालिका तथा वडा कार्यालयका कार्यक्रमहरुको कार्यान्वयनमा सहयोग गर्ने।

(ठ) टोलमा रहेका सार्वजनिक पर्ती,ऐलानी आदि जग्गाहरुको संरक्षणमा नगरपालिकालाई सहयोग गर्ने।

(ड) नगरपालिकाको आन्तरिक राजस्व संकलनमा सहयोग गर्ने।

(ढ) नगरपालिकाको टोल विकास संस्थासँग भएको समझदारी अनुसार अन्य कार्यक्रमहरु गर्ने।

**७. सदस्यता:**

(क). यस विधानको उद्देश्य बमोजिम संस्था प्रति श्रद्धा र निष्ठा राखि विधानलाई स्वीकारगर्ने स्थानीय टोलवासी यस संस्थाको सदस्य हुनेछ ।

(ख) सदस्य वन्न इच्छुक टोलवासीलाई विधान अनुसार सदस्यता प्रदान गर्ने।

**८. सदस्यता नरहने:**

देहायका अवस्थामा टोल विकास संस्थाको सदस्यता रहन सक्ने छैन।

(क) फौजदारी अभियोग प्रमाणित भई सजाय पाएमा।

(ख) सदस्यको मृत्यु भएमा।

(ग) सदस्यता नवीकरण नगराएमा।

(घ) विधानमा उल्लेखित सदस्यता सम्बन्धी योग्यता नभएको भनि कुनै सदस्यबाट लिखित आरोप लागी प्रमाणित भएमा।

(ङ) संस्थाको उद्देश्य ,नीतिकार्यक्रम हित विपरित कार्य गरेमा सदस्य खारेज गर्न भनी साधारण सभाले निर्णय गरेमा हटाउन सक्नेछ।

(च) लिखित राजीनामा दिई स्वीकृत भएमा।

(छ) विना जानकारी लगातार तीन पटकसम्म बैठकमा अनुपस्थित भएमा।

**९. संस्थाका पदाधिकारीहरुको काम,कर्तव्य र अधिकार :**

**(१) अध्यक्षको काम,कर्तव्य र अधिकार:**

(क) संस्थाको कार्य समिति एवं साधारण सभा तथा संस्थाको सम्पूर्ण कामकारवाहीको रेखदेख गर्ने गराउने।

(ख) कार्य समितिको बैठकको अध्यक्षता गर्ने।

(ग) साधारण सभा र कार्यसमितिद्धारा गरिएको निर्णयको कार्यान्वयन गराउने।

(घ) बैंक खाता सञ्चालन गर्ने।

(ङ) कार्य समिति पदाधिकारीले दिएको राजीनामा स्वीकृत गर्ने।

(च) माग फारम स्वीकृत गर्ने र विल भौचर प्रमाणित गर्ने तथा सम्पूर्ण सम्पतिको रेखदेख र संरक्षण गर्ने।

(छ) कार्य समितिको स्वीकृति लिई कुनै कर्मचारी नियुक्ति गर्ने वा गराउने।

(ज) पदाधिकारी सदस्यहरु तथा कर्मचारीहरुमा कामको बाँडफाँड गर्ने

(झ) संस्थाको हितको लागि सम्पूर्ण काम गर्ने।

**(२) सचिवको काम, कर्तव्य र अधिकार:**

(क) संस्थाको कार्यालय सुचारु रुपमा सञ्चालन गर्ने।

(ख) बैठकको एजेण्डा तयार गर्ने।

(ग) अध्यक्षको अनुमति लिई बैठक बोलाउने,माइन्युट राख्ने र पारित निरणयहरु कार्यान्वयन गर्ने गराउने।

(घ) साधारण सभाको एक तिहाई सदस्यले लिखित रुपमा माग गरेमा विशेष साधारण सभाको प्रस्ताव पेश गर्ने।

(ङ) साधारण सभामा प्रतिवेदन पेश गर्ने।

(च) कोषाध्यक्षको कार्यमा सहयोग पुर्‍याउने।

(छ) भावी नीति तथा कार्यक्रम तर्जुमा गरी बैठकमा पेश गर्ने।

**(३) कोषाध्यक्षको काम ,कर्तव्य र अधिकार :**

(क) सम्पूर्ण आर्थिक कारोवार ठिक तरिकाले सञ्चालन गर्ने र अभिलेख राख्ने। प्रत्येक हिसाव किताव समय समयमा कार्य समितिलाई जानकारी गराउने र लेखा परिक्षण गराउने तथा साधारण सभामा आयव्ययको प्रतिवेदन पेश गर्ने।

(ख) साधारण सदस्यबाट प्राप्त हुने विभिन्न शुल्क आम्दानी र खर्चको अभिलेख राख्ने र उठन बाँकी शुल्क समय समयमा उठाउने र सो सम्वन्धी विवरण प्रत्येक सभामा राख्ने।

(ग) संस्थाको चल अचल सम्पत्तिको जिम्मा लिने र प्रवर्द्धन गर्ने।

(घ) संस्थाको स्थायी कोषको स्थापना र सञ्चालनको लागि कोष सञ्चालन गर्ने नीति निर्माण गरी कार्यान्वयन गराउने ।

(ङ) संस्थालाई आर्थिक रुपमा सबल बनाउने कार्य गर्ने ।

(च) संस्थाको हितमा खर्च गर्ने ।

**(४) सदस्यहरुको काम,कर्तव्य र अधिकार:**

(क) कार्य समितिको बैठकमा प्रत्येक सदस्यले सक्रियताका साथ भाग लिई निर्णायक भुमिका खेल्ने ।

(ख) सभा र बैठकको निर्णय कार्यान्वयन गर्ने गराउने तथा आवश्यकता अनुसार सहयोग गर्ने ।

(ग) समितिको विभिन्न कार्यमा सहयोग पुर्‍याउने।

(घ) साधारण सभामा सहभागी भई निर्वाचन कार्यमा सक्रिय रुपमा भाग लिने ।

(ङ) विधानमा तोकिएका अन्य कामहरु गर्ने ।

**१०. साधारण सभाको गठन:**

साधारण सभाको गठन देहाय बमोजिम रहनेछ ।

(क). संस्थाको सम्पूर्ण सदस्यहरु रहेको एक साधारण सभा हुनेछ ।

(ख) साधारण सभाको अध्यक्षता संस्थाको अध्यक्षले गर्नेछ ।निजको अनुपस्थितिमा उपाध्यक्षले गर्नेछ र निजको पनि अनुपस्थितिमा संस्थाको जेष्ठ सदस्यले गर्नेछ ।

(ग) साधारण सभा संस्थाको सर्बोच्च निकाय हुनेछ ।

**यस संस्थाको साधारण सभा देहाय बमोजिम हुनेछ ।**

१. वार्षिक साधारण सभा

२. विषेश साधारण सभा

**११. साधारण सभाको काम कर्तव्य र अधिकार**

(क) संस्थाको साधारण सभाको सल्लाह प्राप्त गर्न उचित ठानी पेश गरेको जुनसुकै विषयमा उचित सल्लाह दिने ।

(ख) विधान संशोधन गर्ने तथा समीक्षा गर्ने ।

(ग) कार्यकारिणी समितिको नियुक्ति तथा राजिनाम स्वीकृत गर्ने ।

(घ) कार्यसिमितिको कामको मूल्याङ्कन र भावी कार्यक्रम निर्धारण गर्ने ।

(ङ) आगामी बर्षको वार्षिक कार्ययोजना तयार गर्ने ।

(च) यस विधानको अधिनमा रही नियम विनियमको निर्णय गर्ने ।

(छ) यस विधानको अधिनमा रही कसैको कार्यक्षेत्र नतोकिएको अन्य सबै काम गर्ने ।

(झ) लेखा परीक्षक नियुक्ति गर्ने तथा परिश्रमिक तोक्ने ।

(ञ) लेखा परीक्षणको प्रतिवेदन पारित गर्ने ।

**१२. आर्थिक व्यवस्था**

(क) संस्थाको देहायबमोजिम आर्थिक स्रोत हुनेछन ।

- सदस्यताबाट प्राप्त शुल्क।
- सरकारी तथा गैरसरकारी संस्थाबाट प्राप्त हुने अनुदान।

- संस्थाको क्रियाकलापको सिलसिलामा प्राप्त हुने रकम ।
- अन्य आम्दानी ।

(ख) प्रत्येक आसार मसान्त समाप्त भएपछि लेखा तयार गरी लेखा परिक्षण विवरण साधारण सभामा प्रस्तुत गर्नुपर्नेछ ।

(ग) संस्थाको नाममा प्राप्त वा खरीद अचल सम्पत्तिको परिचालन तथा प्रयोग तोकिए बमोजिम हुनेछ ।

**१३. कार्यसमिति तथा पदाधिकारीहरुको राजीनामा**

(क) समितिका सदस्यहरुले आफ्नो तर्फबाट राजीनामा दिन चाहेमा अध्यक्ष समक्ष दिन सक्नेछ ।

(ख) अध्यक्षले आफ्नो पदबाट राजीनामा चाहेमा सचिव मार्फत यस संस्थाको बैठकमा पेश गर्नु पर्नेछ सो उपर संस्थाले निर्णय गरे बमोजिम कारवाही हुनेछ ।

**१४. अविश्वासको प्रस्ताव**

कार्य समितिका पदाधिकारीहरुले संस्थाको उद्देश्य विपरित काम गरेको भनि ६० प्रतिशत सदस्यहरुले विशेष साधारण सभा राखि अबिश्वासको प्रस्ताव पेश गर्न सक्नेछ । अविश्वासको प्रस्ताव उपर छलफल गरी हुने निर्णयमा बहुमतलाई भन्दा सर्व सम्मतिलाई बढी जोड दिइनेछ ।

**१५. विविध**

(क) विधान संशोधन गर्नु पर्ने भएमा कार्य समितिले स्वीकृत गरेपछि साधारण सभामा पेश गरिनेछ । साधारण सभामा उपस्थित सदस्यहरुको दुई तिहाई बहुमतले पारित गरिनेछ ।

(ख) प्रचलित ऐन नियमहरुसँग बाझिएका बुँदाहरु बाझिएको हदसम्म स्वत:खारेज हुनेछ ।

**अनुसूची-३**

**सूर्योदय नगरपालिका**

**..................नं. वडा कार्यालय**

**टोल विकास संस्था सूचीकृत प्रमाण-पत्र**

सूर्योदय नगरपालिका वडा नं. ................स्थित .................मा गठन भएको ............टोल विकास संस्थालाई यस कार्यालयमा मिति .................मा सूचीकृत गरी यो प्रमाण – पत्र प्रदान गरिएको छ ।

यस नगरपालिकाको आर्थिक,सामाजिक,साँस्कृतिक तथा भौतिक पूर्वाधार विकास र सुशासन कायम गर्ने क्षेत्रमा यस टोल विकास संस्थाको सकृय सहभागिताको अपेक्षा गर्दछु ।

................

वडा सचिव